# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, वैशाख १ गते २०४२ साल ( अतिरिक्ताङ्क १ ( ङ )

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड २८ मिति २०३५।१।१७ अतिरिक्ताङ्क ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम दाङ जिल्लाको मोहियानी सम्बन्धमा गठित विशेष अदालतलाई विघटन गरिएको छ ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# भूमिसुधार मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको निर्णयानुसार खण्ड ३१ मिति २०३८।१२।२ संख्या ४८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित उच्चस्तरीय समिति, दाङलाई आजैको मितिदेखि विघटन गरिएको छ ।

सो समितिमा कारवाही किनारा हुन बाँकी मुद्दाहरू भूमिसुधार कार्यालय, दाङमा सर्नेछ ।

## सूचना २

श्री ५ सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ क को प्रयोजनको लागि देहायबमोजिमको समिति गठन गरेको छ ।

१) समितिः–

(क) दाङदेउखुरी जिल्ला अदालतका जिल्ला न्यायाधीश – अध्यक्ष

(ख) नेपाल किसान सङ्गठन, दाङ जिल्लाका सभापति – सदस्य

(ग) भूमिसुधार अधिकारी – सदस्य-सचिव

२) काम कर्तव्यः–

(१) खण्ड ३१ मिति २०३८।१२।२ संख्या ४८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित उच्चस्तरीय समिति, दाङबाट कारवाही किनारा गर्न बाँकी मुद्दाहरू कारवाही किनारा यस समितिले गर्नेछ ।

(२) भूमिसुधार ऐन, २०२१ को दफा २५ (क) अनुसार पर्न आउने मुद्दाहरूको कारवाही किनारा पनि यसै समितिले गर्नेछ ।

आज्ञाले,
नारायणविक्रम शाह
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।